भरतपुर उप-महानगरपालिका कार्यालय
भरतपुर, चितवन, नेपाल, स्था. २०३५
BHARATPUR SUB-METROPOLITAN CITY OFFICE
Bharatpur, Chitwan, Nepal, Estd. 1979

प.सं. २०७३/०७४ प्र.शा.

मिति: २०७३/११/१८

च.नं. २०१०८

भरतपुर उप-महानगरपालिका कार्यालय, भरतपुर, चितवन २०७३

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
(नगरपालिका व्यवस्था शाखा)
सिंहदरवार , काठमाण्डौ ।

**विषय: वोर्ड वैठकको निर्णय पठाईएको ।**

यस भरतपुर उप-महानगरपालिकाको मिति २०७३/११/१४ र १७ गते वसेको वोर्ड वैठकबाट पारित निर्णयको छायाँ प्रति पाना २ (दुई) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**वोधार्थः**
श्री सूचना शाखा,
भ.उ.म.न.पा.कार्यालय । (उक्त निर्णय न.पा. को वेभ साईडमा राख्नु हुन)

..................
**महेश बराल**
**कार्यकारी अधिकृत**

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / bmc@gmail.com, website: bharatpurmun.gov.np

आज मिति २०६३ साल फाल्गुण १४ गते शनिवारका दिन बिहान ९.०० बजे यस भरतपुर उप-महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

**उपस्थिति**

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

**आमन्त्रित**

वरिष्ठ इन्जिनियर श्री भरतकुमार आचार्य

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल

इन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी

सब-इन्जिनियर श्री राम बाबु अर्याल

ना.सु. श्री तेजराज खनाल

**निर्णय नं १**

सडक बोर्ड नेपालको मिति २०६३।५।२६ को च.नं. २६० को पत्र अनुसार गत आ.व. को थप रकम रु २२,००,०००= विनियोजित भई आएकोमा भरतपुर उप-महानगरपालिका अन्तरगत आ.व. २०६३।०६४ मा संचालन गरिने सडक पिच मर्मत कार्यको लागि तपसिलका योजनाहरुको लागत अनुमान स्वीकृत गरि संचालन गर्ने निर्णय गरियो।

**तपसिल**

| कार्यक्रमहरु | लागत अनुमान |
|---|---|
| (१) वडा नं १० सम्पतगढको क्याम्पस चोकबाट हस्पिटल रोड तर्फ सडक | रु ८,६३,२३६।१५ |
| (२) वडा नं ८ जय नेपाल चोकबाट लालीगुँरास चोक हुँदै भरखन चोक सडक | रु १८,४८,९६५।०४ |
| (३) वडा नं ५ बेनी चोकबाट कमल चोक सडक | रु १०,१५,४३५।६३ |

आज मिति २०६३ साल फाल्गुण १६ गते मंगलबारका दिन बिहान ९.०० बजे यस भरतपुर उपमहा नगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बरालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल

आमन्त्रित

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कडेल

लेखापाल श्री सिता अधिकारी

ना.सु. श्री तेजराज रुपनाल

निर्णय नं. १

यस भरतपुर उप-महानगरपालिका कार्यालय अन्तरगत तपसील बमोजिमका सामाजिक परिचालकहरुले आ-आफ्नो वडाको कार्यक्षेत्र बाहेक यस कार्यालयको काममा समेत सहयोग गरेकोले मिति २०६३ साल फाल्गुण महिना देखि मासिक खाजा खर्च र थप पारिश्रमिक स्वरुप रु ५,०००/- अक्षेरुपी पाँचहजार मात्र उपलब्ध गराउने निर्णय गरियो।

तपसील

(क) मिना श्रेष्ठ
(ख) सुनिता शर्मा
(ग) प्रतिक्षा रानाभाट
(घ) शारदा पाण्डे
(ङ) अमृता पन्त

२०६३।११।१६